## नगर बस सेवा संचालनको नमुना सम्झौता पत्र

विराटनगर महानगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र सुलभ बनाउने उद्देश्यले निजी क्षेत्रको लगानी, मर्मत सम्भार, कर्मचारी ब्यबस्थापन, बस पार्क, बस प्रतिक्छालय निर्माण र ब्यबस्थापनमा नगर बस सेवा संचालन गर्ने विराटनगर महानगरपालिका, विराटनगर, मोरङ (यसपछि "प्रथम पक्ष भनिने) र निजी क्षेत्र ..................... (यसपछि दोस्रो पक्ष भनिने) बीच निम्न शर्तहरु नगर बस सेवा संचालनको लागि लागु हुनेगरी सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दिऔ ।

१. सम्झौताको उद्देश्य

विराटनगर महानगरपालिकाको क्षेत्रभित्र नगरबासीहरुलाई सहज, सुलभ, बाताबरणमैत्री, अपाङ्ग मैत्री, निजी क्षेत्रको लगानी तथा ब्यबस्थापनमा व्यवस्थित र सुलभ बनाउने उद्देश्यले निजी कम्पनीद्वारा नगर बस सेवा संचालन हुने ।

**२. सेवा अवधिः**

यो सम्झौता २० (बीस) वर्षको लागि हुनेछ, जुन पारस्परिक सहमतिमा थप गर्न सकिनेछ ।

**३. बस संख्या र प्रकारः**

निजी कम्पनीले शुरुवातमा कम्तीमा १० थान बाताबरण मैत्री बस संचालन गर्नेछ । बसहरू आधुनिक, वातानुकूलित र प्रस्ताब अनुसार हुनेछन् । पहिलो चरणमा ५ वटा रूटमा संचालन गर्नु पर्नेछ र प्रतेक रूटमा कम्तिमा तीन पटक सवारी संचालन गर्नु पर्नेछ ।

**४. मार्ग निर्धारणः**

महानगरपालिकाले प्रारम्भिक मार्गहरूको अनुमोदन गर्नेछ । आवस्यक अनुसार पुनः समीक्षा गरी परिवर्तन गर्न सकिनेछ ।

**५. यात्री भाडा संरचनाः**

यात्री भाडा दर प्रस्ताबमा पेश गरे बमोजिम र आबस्यकता अनुसार दुवै पक्षको सहमती बमोजिम दर रेट निर्धारण गर्नेछ र बजार अवस्था हेरी समय-समयमा समायोजन गरिनेछ ।

**६. आय र खर्चको व्यवस्थाः**

प्रस्ताब अनुसार ।

७. सूचना प्रणाली (ICT र PIS):

प्रस्ताबको आधारमा ।

**८. अनुगमन र मूल्यांकनः**

महानगरपालिकाले साझेदार समेतको सहभागितामा सेवा अनुगमन तथा मूल्यांकन गर्ने समिति गठन गर्नेछ । प्रत्येक ६ महिनामा प्रगति प्रतिवेदन पेश गर्नु अनिवार्य हुनेछ साथै समितिले दिएको सुझाब सम्भब भए सम्म लागु गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

विराटनगर महानगरपालिका

**९. बीमा र सुरक्षा:**

निजी कम्पनीले सम्पूर्ण बसहरू, चालक, यात्रु र अन्य सम्बन्धित पक्षको बीमा अनिवार्य रूपमा गराउनु पर्नेछ ।

१० अन्य प्रावधान

- यो सम्झौता नेपालको प्रचलित कानुन अनुसार लागू हुनेछ।
- सम्झौतामा उल्लेख नभएका कुनै विषयमा दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिनेछ।
- महानगरपालिकाको प्रतिबेदन र दोश्रो पक्षले पेश गरेको प्रस्ताब यस सम्झौताको अंग हुनेछ ।

११. सम्झौता रद्द गर्ने अवस्था:

यदि कुनै पनि पक्षले सम्झौताका शर्तहरूको उल्लंघन गरेमा, अर्को पक्षले ९० दिनको लिखित सूचना द्वारा सम्झौता रद्द गर्न सक्नेछ । सम्झौता रद्द गर्दा पर्ने अर्को पक्ष लाई सम्झौता रद्दगर्ने पक्षले क्षतिपूर्ति दिनुपर्ने छ ।

**हस्ताक्षर:**

प्रथम पक्षको तर्फबाट

नाम: रामप्रसाद ढुङ्गेल

पद: प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षर: ______________________

मिति: ______________________

दोस्रो पक्षको तर्फबाट

नाम: ..........................................

पद: व्यवस्थापक निर्देशक

हस्ताक्षर: ______________________

मिति: ______________________

रोहबर: